# स्थानीय राजपत्र

## कञ्चन गाउँपालिकाद्वारा प्रकाशित

कञ्चन, खण्डः ६, भागः२ संख्याः १५, मितिः२०८१/०१/०२ गते

**भाग-१**

**कञ्चन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा (३) बमोजिम कञ्चन गाउँपालिका, गाउँसभाले बनाएको तल लेखिए बमोजिमको सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

# कञ्चन गाउँपालिकाको एम्बुलेन्स सञ्चालन कार्यविधि, २०८०

***कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/१२/२८***

**प्रस्तावनाः**

गाउँपालिका क्षेत्रमा एम्बुलेन्स सेवाको माध्यमबाट विपन्न, असहाय, गर्भवती महिला, बालबालिका, न्यून आय भएका तथा स्वास्थ्य सेवाको मुल प्रवाहबाट पछाडी परेका नागरिकहरुलाई स्वास्थ्य सम्बन्धि अधिकारका बारेमा चेतनशील गराउदै कञ्चन गाउँपालिकाको मातहतमा राखी संचालन ल्याउने सन्दर्भमा यसको व्यवस्थित संचालन र दिगोपनाका लागि छुट्टै कानूनी व्यवस्था गर्न वाञ्छनिय भएकाले कञ्चन गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी एम्बुलेन्स सेवा संचालन गर्न वाञ्छनीय भएकोले यो कार्यविधि बनाई लागु गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भः-

(क) यो कार्यविधिको नाम कञ्चन गाउँपालिका एम्बुलेन्स सेवा संचालन सम्बन्धि कार्यविधि, २०८० रहेको छ।

*(ख) यो कार्यविधि राजपत्रमा प्रकाशन भए पश्चात लागु हुनेछ ।*

**२.परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

(क) कार्यविधि भन्नाले कञ्चन गाउँपालिकाको एम्वुलेन्स सेवा संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०८० लाई सम्झनु पर्छ ।

(ख) एम्बुलेन्स सेवा भन्नाले गाउँपालिकाबाट संचालन गरिने एम्बुलेन्स सेवालाई सम्झनु पर्छ ।

(ग) समिति भन्नाले गाउँपालिकाद्धारा गठन भएको एम्बुलेन्स सेवा संचालन, व्यवस्थापन, अनुगमन, तथा रेखदेख समितिलाई सम्झनु पर्छ ।

(घ) पालिका अध्यक्ष भन्नाले कञ्चन गाउँपालिका अध्यक्षलाई सम्झनु पर्छ ।

(ङ) सदस्य भन्नाले एम्बुलेन्स सेवा संचालन समितिका सदस्य सम्झनु पर्छ र सो शव्दले समिति अध्यक्ष समेतलाई जनाउनेछ ।

(च) स्थानीय तह भन्नाले कञ्चन गाउँपालिकालाई सम्झनु पर्छ ।

(छ) पदाधिकारी भन्नाले गाउँपालिकाका पदाधिकारीलाई सम्झनु पर्छ ।

(ज) एम्बुलेन्स सेवा कोष भन्नाले गाउँपालिकाबाट संचालित एम्बुलेन्स सेवा कोष सम्झनुपर्छ ।

(ञ) स्थानीय सेवा प्रदायक भन्नाले स्थानीय तहमा रहेका सरकारी तथा गैर सरकारी संस्था वा सम्झौता गरी एम्बुलेन्स सेवा संचालन गर्ने सहयोगी संस्थालाई सम्झनु पर्छ ।

**३.उद्देश्यः-** (१) यस कार्यविधिको प्रमुख उद्देश्य यस गाउँपालिका क्षेत्र भित्र र नजिकका स्थानीय तहको समेत स्वास्थ्य समस्या भएका नागरिकहरुलाई उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य संस्थासम्म पुऱ्याउने तथा यसको विश्वसनियता साथै प्रभावकारिता वृद्धि गरी दिगो र भर पर्दो सेवा संचालन गर्नु रहेको छ ।

**४.छनौट र प्राथमिकताः-**(१) एम्वुलेन्सको उपयोगका लागि गाउँपालिका क्षेत्र भित्रका वासिन्दाहरुलाई सेवा प्रदान गर्दाको सेवा शुल्क र अन्य स्थानीय तहका सेवाग्राहीहरुलाई लिने सेवा शुल्क फरक हुने गरी समिते तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा शुल्क लिदा सेवाग्राहीको स्थायी ठेगानालाई प्रमुख आधार मानिनेछ ।

(३) एम्वुलेन्स सञ्चालनको कार्यक्षेत्र रुपन्देही जिल्ला भित्र मात्र रहने छ ।

## ५) एम्बुलेन्स सेवा अनुगमन तथा निर्देशक समितिः

(१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, अनुगमन, तथा रेखदेख गर्न देहायका पदाधिकारीहरु रहेका एक एम्बुलेन्स सेवा अनुगमन तथा निर्देशक समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष – अध्यक्ष
(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य
(ग) एम्वुलेन्स रहेको सम्वन्धित वडाको वडा अध्यक्ष - सदस्य
(घ) कार्यपालिका सदस्यहरु मध्ये महिला, दलित वा अल्पसंख्या समेतको प्रतिनिधित्व हुने गरी कार्यपालिकाले चयन गरेको २ जना सदस्य -सदस्य
(ङ) आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको आर्थिक प्रशासन शाखाको कर्मचारी - सदस्य
(ङ) स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

(२) एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिः

(क) गाउँपालिकाले खरिद गरी आफैले संचालन गर्ने हकमा देहायको एक एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति रहनेछ ।

सम्वन्धित स्वास्थ्य संस्था व्यवस्थापन समिति अध्यक्ष - संयोजक
आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य
स्वास्थ्य संस्थाको ईन्चार्ज - सदस्य
स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

यो समितिको बैठकमा गा.पा.अध्यक्ष, गा.पा उपाध्यक्ष तथा आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञ (विषयगत विज्ञ) लाई आमन्त्रित गर्न सकिनेछ ।

(३) गाउँपालिका आफैले खरिद गरेको वा गाउँपालिकाले विभिन्न निकाय वा संस्थाबाट अनुदानमा प्राप्त भएको एम्बुलेन्स उपदफा (१) बमोजिम गाउँपालिका आफैले संचालन नगरी कुनै स्वास्थ्य संस्थालाई हस्तान्तरण गरेमा सो को संचालन सोहि संस्थाको व्यवस्थापन तथा सञ्चालन कार्य व्यवस्थापन समितिले गर्नेछ ।

(४) उपदफा २ बमोजिम कुनै संघ संस्थालाई हस्तान्तरण भएमा सो संस्थासंग गाउँपालिकाले आवश्यक सम्झौता गरी संचालनको जिम्मा लगाउनेछ ।

(५) उपदफा (१) वा (२) बमोजिम संचालन तथा व्यवस्थापन समितिका कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठक आवस्यकता अनुसार बस्नेछ । समितिका पदाधिकारीहरुलाई नियम अनुसार बैठक भत्ता उपलब्ध हुनेछ ।

(७) समितिको वैठक सम्बन्धि अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## ६. एम्वुलेन्स सेवा अनुगमन तथा निर्देशक समितिका काम,कर्तव्य र अधिकारः-

(१) समितिको काम , कर्तव्य र अधिकार देहाय बमाजिम हुनेछः-

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा संचालन गरे नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने । यस निर्देशिका अनुसार आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिई आचारसंहिता पालन गर्न लगाउने । बारम्बार आचारसंहिता उल्लघंन गरेमा आवश्यकता अनुसार करार सम्झौता रद्ध गर्ने ।

(ग) एम्बुलेन्स सेवाका बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यावस्थापन गर्ने ।

(घ) जिल्ला स्तरमा एम्बुलेन्स सम्बन्धि दर रेट निर्धारण गर्ने निकायको सिफारिस बमोजिम आवश्यकता अनुसार परिमार्जान गर्ने ।

(ङ) सरोकार वाला तथा अन्य संघहरु विच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समीक्षा वैठक गर्ने ।

(च) गाउँपालिकाका विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा संचालनका लागि आवश्यक थप मापदण्ड बनाउने ।

(छ) चालकले अनुसुचि (१) बमोजिम सेवा शुल्क लिई बैंक र कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(ज) कञ्चन गाउँपालिका अन्तर्गत बसोवास गर्ने सेवाग्राही, गाउँकार्यपालिकामा कार्यरत कर्मचारीहरुलाई विशेष छुट दिने नदिने निर्णय एम्बुलेन्स सेवा अनुगमन तथा निर्देशक समिति को निणय बमोजिम हुनेछ ।

(झ) एम्वुलेन्स सेवा सञ्चालनका लागि आवश्यक थप मापदण्ड बनाउने । साथै यस गाउँपालिकामा बसोबास गर्ने सेवाग्राही, यस गाउँपालिका अन्तर्गतका कार्यालयहरुमा कार्यारत कर्मचारी र गर्भवती तथा सुत्केरी लगायत विशेष संरक्षण प्राप्त व्यक्तिहरुलाई विशेष छुट दिने / नदिने निर्णय गर्ने ।

(ञ) दररेट सम्वन्धी निर्णय गरि कार्यापालिका बैठकमा पेश गर्न साथै उक्त पेश भएको दररेट कार्यापालिका बैठकबाट अनुमोदन भए पश्चात मात्र लागु हुनेछ ।

(२) समितिको सदस्य सचिवले सेवा प्रवाह स्थितिको बारेमा अद्यावधिक विवरण प्रत्येक वर्षको जेष्ठ मसान्तमा गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

## (७) सेवा शुल्क सम्बन्धि व्यवस्थाः

(१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले समितिले तोके बमोजिम रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

सेवा शुल्कको सम्बन्धमा जिल्लामा रहेको सेवामुलक एम्बुलेन्स संचालन समितिले तोकेको भाडालाई आधार मानि कायम गरिनेछ । यसरी तय गरिएको भडादर कार्यापालिकाबाट अनुमोदन हुनुपर्नेछ ।

(२) एम्बुलेन्स सेवा वापत उठेका रकम दफा ३ को उपदफा (१) बमोजिम संचालन हुने भएमा गाउँपालिकाले र उपदफा (२) बमोजिम संचालन हुने भएमा जुन संस्था मार्फत संचालन गरिएको हो सोहि संस्थाले एक अलग बैंक खातामा रकम जम्मा गर्नेछ ।

(३) सेवा दिए वापत लिइने सेवा शुल्क नगदी रसिद काटी वैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ । उठेको रकम र रसिद विवरण साप्ताहिक रुपमा चालकले अनिवार्य रुपमा स्वास्थ्य संस्थाको इन्चार्जलाई बुझाउनु पर्नेछ ।

(४) रसिद बाट उठेको रकम समितिको बैठक खर्च एवं भत्ता, ईन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामाग्री लगाएतको खरिदमा खर्च गरिनेछ ।

(५) एम्वुलेन्स वापतको मासिक आम्दानी र खर्चको विवरण प्रत्येक महिनाको ५ गते भित्र दफा ५(२)बमोजिमको समितिको बैठकमा सार्वजनिक गरि गाउँपालिकामा समेत पेश गर्नु पर्ने छ ।

## (८) चालकको नियुक्ती र सेवा सुविधाः



कञ्चन गाउँपालिका स्थानीय राजपत्र

(१) एम्बुलेन्स सेवा संचालनको लागि एक जना चालक (हलुका सवारी चालक प्रथम तह वा सो सरह) करार सेवामा भर्ना गरिनेछ । उक्त पदको लागि गाउँपालिकाले सार्वजनिक सूचना निकाली मापदण्डको परिधिमा रहि खुला प्रतिस्पर्धाको आधारमा चालक छनोट गरी नियुक्तिको सिफारिस गर्नेछ । एम्वुलेन्स चालक पदमा स्थायी नियुक्ति गरिने छैन ।

(क) एम्वुलेन्स चालकको योग्यता देहाय वमोजिम हुनेछः-

- नेपाली नागरिक
- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
- कम्तिमा ५ वर्षको अनुभव प्राप्त
- कुनै सरकारी कार्यालय वा संघ संस्थामा कम्तिमा १ बर्ष कार्य गरेको अनुभव वा एम्वुलेन्स चालकको १ वर्षको अनुभव प्राप्त गरेको
- स्थानीयलाई प्रथामिकता हुनेछ ।

(ख) उपदफा (१) बमोजिम कर्मचारी भर्नाका लागि आवश्यक शैक्षिक योग्यता, अनुभव तथा अन्य आधार तयार गर्ने तथा कर्मचारी नियुक्ति सम्वन्धि कार्य गाउँपालिकाले प्रचलित रित पुऱ्याई गर्नेछ ।

(२) चालकको पारिश्रमिक निर्देशक समितिको सिफारिसमा कार्यपालिकाको निर्णयअनुरुप हुनेछ तर उक्त निर्णय सोही दफाको उपदफा १ बमाजिम गठित समितिले अनुमोदन गर्नुपर्नेछ । समिति गठन नभएको अवस्थामा वा समितिको वैठक बस्न नसकेमा कार्यालयको निर्णय बमोजिम हुनेछ ।

(३) चालकको रु २ लाख सम्मको दुर्घटना विमा गरिनेछ । विमामा प्रिमियम बापतको रकम समेत सम्वन्धित स्वास्थ्य संस्थावाट बेहोरिनेछ ।

(४) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुचि (१) बमोजिम हुनेछ ।

(५) एम्बुलेन्स सेवा सुचारु हुँदा चालकलाई भत्ता तथा अन्य सुविधा वापत उपलब्ध गराउने रकम दफा ४ को उपदफा १ र २ बमोजिम गठित समितिको निर्णय बमोजिम थपघट गर्न सकिनेछ । तर यो कार्यविधि स्वीकृत हुनु अगावै नियुक्ती भई सेवा सुविधा तय भएको भए सोहि बमोजिम हुनेछ ।

(६) चालकको सेवा सुविधा निर्देशक समितिको सिफारिसमा कार्यपालिकाले थपघट गर्न सक्नेछ ।

(७) अवकाश दिन सकिनेः (१) आफ्नो पदको जिम्मेवारी पुरा नगरेको र आचारसंहिता पालना नगरेको अवस्थामा एम्वुलेन्स चालकलाई समितिको निर्णयबाट जुनसुकै वखत सेवाबाट हटाउन सिफारिस गर्ने । तर यस्तो कार्य प्रमुख प्रशासकीय अधिकृतको स्विकृत वेगर गर्न पाईनेछैन ।

८) छनौट तथा पदपुर्ति समितिः (१) एम्वुलेन्स चालकको नियुक्तिका लागि देहाय बमोजिमको एक छनौट तथा पदपुर्ति समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) स्वास्थ्य शाखा प्रमुख – सदस्य

(ग) ट्राफिक कार्यालय वा ट्राफिक प्रहरी प्रतिनिधि – सदस्य

(ख) प्रशासन शाखा प्रमुख – सदस्य सचिव

समितिले आवश्यकता अनुसार विज्ञ र सहयोगी कर्मचारीहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

९) छनौट प्रकृयाः (१) छनौट तथा पदपुर्ति समितिले तोकिएको अवधि भित्र प्राप्त आवेदनहरुको जाँचवुझ गरी दरखास्त स्विकृति गर्नुपर्नेछ ।

(२) दरखास्त स्विकृत भएका उम्मेदवारहरुको अन्तिम छनौट प्रकृयामा देहाय अनुसारको मापदण्ड भित्र रहि १०० पुर्णङ्कमा मुल्यांकन गर्नुपर्नेछ ।

क) प्रारम्भिक योग्यता वापत २५ अंक

- सरकारी कार्यालयको सवारी चालक वा संघ संस्थाको एम्वुलेन्स चालकको रुपमा काम गरेको अनुभव भएको प्रति वर्ष २ अंकका दरले बढिमा १० अंक
- कञ्चन गाउँपालिकाको एम्वुलेन्स रहने साविकको गा.वि.स.को स्थायी बासिन्दाको हकमा १० अंक, गाउँपालिकाको स्थायी बासिन्दाको हकमा ८ अंक, जोडिएको स्थानीय तहको स्थायी बासिन्दाको हकमा ५ अंक, अन्यको हकमा २ अंक गरी वढिमा १० अंक
- शैक्षिक योग्यताबापत एस एल सी वा सो सरह उत्तिर्ण भएको हकमा ५ अंक र कक्षा ८ मात्र उत्तिर्ण भएको हकमा ३ अंक र सो भन्दा कम उत्तिर्ण भएको भए ० अंक प्रदान गरिनेछ ।

ख) अन्तर्वाता वापत २५ अंक

ग) प्रयोगात्मक परीक्षा वापत ५० अंक

- ट्राफिक जानकारी र सचेतना
- सवारी साधन सम्वन्धी यान्त्रिक जानकारी
- सीप परीक्षण

## (९) एम्बुलेन्स रहने स्थान सोको मर्मत सम्भारः

(१) दफा ४ को उपदफा (१) बमोजिम संचालन हुने एम्बुलेन्सको हकमा कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा वा सोही दफाको बमोजिम गठित समितिको निर्णयअनुरुपको स्थानमा र दफा ४ को उपदफा ३ बमोजिम संचालन हुने एम्बुलेन्सको हकमा सम्बन्धित संस्थाको हातामा रहनेछ ।

(२) एम्बुलेन्सका नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ र मर्मत गर्नुपर्ने भएमा बढीमा महिनामा रु २०००० (दुई हजार मात्र/-) सम्मको मर्मत संचालक समिति संयोजकको आदेशमा चालक स्वयंले गर्न सक्नेछ । इस्टिमेट अनुसारको मर्मत दफा ४ को उपदफा (१) वा (२) बमोजिमको समितिको निर्णय अनुसार हुनेछ । सो भन्दा बढीको मर्मत भएमा उक्त समितिको सिफारिसमा दफा ३ को समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**(१०) संस्थाको खाता संचालन तथा उपयोगः**(१) सम्वन्धित व्यवस्थापन समिति अध्यक्ष र स्वास्थ्य संस्थाको ईन्चार्जको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

**(११) लेखा र लेखा परिक्षणः**(१) एम्वुलेन्स संचालन कोषको आम्दानी र खर्चको लेखा प्रचलित कानू अनुरुप राखिनेछ।

(२) कोषको आम्दानी र खर्चको हिसाव महालेखा परिक्षकको कार्यालयबाट खटिने लेखापरिक्षकबाट सालबसालीरुपमा लेखापरीक्षण गराईनेछ।

**(१२) विवाद सामाधानः**(१) एम्वुलेन्स संचालन गरी सेवा प्रदान गर्ने सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा समितिले सम्वन्धित पक्षहरुसँग छलफल गरी समाधान गर्नेछ।

(२) उपदफाँ (१) बमोजिमको छलफलबाट समाधान हुन नसकेकमा समितिको प्रस्तावमा कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ।

**(१३) भाडामा दिन सक्नेः** (१) कार्यापालिकाले आवश्यकता अनुसार कुनै व्यक्ति वा संस्था मार्फत एम्वुलेन्स संचालन गर्न समितिको बैठकले निर्णय गरि कार्यपालिकाबाट अनुमोदन भए पश्चात एम्बुलेन्स भाडामा प्रयोग गर्न दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिमको एम्वुलेन्स भाडामा दिदा प्रतिदिन वा महिनाको भाडादर तथा अन्य शर्तहरु समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) भाडामा दिन सम्झौता अनुसूचि (२) बमोजिम हुनेछ।

**(१४) कार्यविधि संशोधन गर्न सक्नेः** (१) यस कार्यविधिमा आवश्यक संशोधन वा थपघट गर्नु परेमा गाउँ कार्यापालिकाको बैठकले निर्णय गरि थपघट वा संशोधन गर्न सक्नेछ।

**(१५) प्रचलित कानून बमोजिम हुनेः** (१) यस निर्देशिकामा लेखिएका कुराहरु यसै बमोजिम र नलेखिएका कुराहरुको हकमा प्रचलित कानूद्द बमोजिम हुनेछ।

**(१६) विविधः**(१) एम्बुलेन्स सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीका विमाका दायिन्व सेवाग्राही स्वयंको हुनेछ।

(२) एम्वुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसूचि (३) बमोजिम हुनेछ।

(३) एम्वुलेन्स मर्मत संभार सम्वन्धी अभिलेख अनुसूचि(४) बमोजिम हुनेछ।

## अनुसुचि १

(कार्यविधिको दफा ७ को उपदफा (४) संग सम्बन्धीत )

एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिताः

१. एम्बुलेन्स संचालन कार्यविधि २०८०लाई पुर्णतः पालना गर्नुपर्ने ,

२. आफ्नो पेशागत भुमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,

४. विरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा विरामी तथा विरामीका परिवारलाई सधै सम्मान पुर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने ,

५. आफैले लिएका निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथै आफैमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

७. कुनैपनि विरामीलाई ओसारपसार गर्नु अघि उसका बारेमा प्रयाप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

८. विरामीलाई विच बाटोमा अलपत्र हुने गरी छाड्न नहुने,

९. आफ्नो कामको सिलसिलामा पाएको कुनैपनि सुचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा विरामीको आवश्यकता परेमा त्यस्तो सुचनाको बारेमा जानकारी दिन सक्ने,

१०. अस्पताल पुर्व सेवा,एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्धत पुऱ्याउनु पर्ने,

११. आफुले उचित देखेका विरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संथालाई जानकारी दिनुपर्ने,

१२. नेपाल सरकारले प्रतिबन्ध लगाएका बस्तुहरु ओसारपसार नगर्ने । प्रचलित कानुनको पालना गर्नुपर्ने र त्यस्तो गरेमा नेपाल सरकारको ऐन नियम अनुसार स्वयं सजायको भाग्यदारी हुनेछ ।

म................................ठेगान...........................ना.प्र.न..............जारी मिति......................जिल्ला, ड्राइभिङ लाइसेन्स नं.................. जारी मिति.............................ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु रुपन्देही जिल्ला कञ्चन गाउँपालिकाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पुर्ण रुपमा पालना गर्न सहमति जनाइ सही छाप गरेको छु ।

| चालकको | रोहवरमा | प्रमाणित गर्ने व्यक्तिको |
|---|---|---|
| नाम | नाम | नाम |
| ठेगाना | ठेगाना | ठेगाना |
| पद | पद | पद |
| हस्ताक्षर | हस्ताक्षर | हस्ताक्षर |

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

# अनुसूची २

(दफा १४ उपदफा ३ सँग सम्बन्धित)

## भाडामा लिने दिने सम्झौता पत्र

कञ्चन गाउँपालिका (जसलाई यस पछि प्रथम पक्ष भनिनेछ) र .......... बस्ने श्री ...................(यस पछि दोस्रो पक्ष भनिनेछ) बीच रूपन्देही जिल्ला कञ्चन गाउँपालिका वडा नं. ...... मा एम्बुलेन्स सेवा प्रदान गर्ने प्रयोजनाका लागि एम्बुलेन्स भाडा दिने लिने सम्बन्धमा निम्न कुराहरूको शर्तहरू दुबै पक्ष पूर्ण रूपमा गर्न मञ्जुर भई यो सम्झौता पत्रमा सही छाप गरि लियौं दियौं ।

**शर्तहरू**

१. एम्बुलेन्स भाडामा लिने (दोस्रो पक्षका) श्री ............................ ले एम्बुलेन्स भाडामा लिदा एम्बुलेन्स संचालनमा आएपछि प्रति दिन रू. ............. का दरले प्रथम पक्षलाई तिर्ने गरी भाडामा प्रयोग गर्नु पर्नेछ ।

२. यो सम्झौता मिति २०८..../..../.... देखि २०८..../..../.... गते सम्म लागू हुनेछ ।

३. सम्झौता अवधि भन्दा बढी समय एम्बुलेन्स प्रयोग गर्नु परेमा दोस्रो पक्षले प्रथम पक्षलाई निवेदन दिई अनुरोध गरेमा थप समयमा पनि सम्झौता गरी प्रयोग गर्न सकिनेछ ।

४. दोस्रो पक्षले एम्बुलेन्स भाडामा लिनु पूर्व भाडामा लिएको अवधिको सम्पूर्ण रकम कञ्चन गाउँपालिकाको कार्यालयमा धरौटी स्वरूप जम्मा गर्नुपर्नेछ ।

५. दोस्रो पक्षले एम्बुलेन्स संचालनमा ल्याउने सम्झौता अवधि भर अपरेटरलाई बस्ने बासको व्यवस्था गरिदिनु पर्नेछ ।

६. एम्बुलेन्स संचालन अवधिमा एम्बुलेन्सको मर्मत तथा सर्भिसिङ्ग दोस्रो पक्षले नै गर्नुपर्नेछ ।

७. यो सम्झौता सम्पन्न भई एम्बुलेन्स दोस्रो पक्षले जिम्मा लिइसकेपछि कार्यालयमा फिर्ता नबुझाउँदा सम्म सोको पूर्ण जिम्मेवारी दोस्रो पक्षले नै लिनु पर्नेछ ।

८. यो सम्झौता गरी तोकिएको अवधिका लागि लगिएको एम्बुलेन्स समय समाप्त भएपछि नबुझाएमा दोस्रो पक्षले दैनिक रू. .......... का दरले प्रथम पक्षलाई थप हर्जना तिर्नु पर्नेछ।

९. एम्बुलेन्स प्रयोग गरे वापत हुनै सरकारी कर तिर्नु पर्ने भएमा दोस्रो पक्षले नै तिर्नु पर्नेछ ।

| **भाडामा लिने व्यक्ति/संस्थाको तर्फबाट** | **कार्यालयको तर्फबाट** |
|---|---|
| नाम : | नाम : |
| ठेगाना : | ठेगाना : |
| दस्तखत : | दस्तखत : |

अनुसुचि ३

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

(कार्यविधिको दफा १५को उपदफा (२) संग सम्बन्धीत )

- First Aid  का सामानहरु
- Oxygen Cylinder, Flow Meter/ Mask जडित वा जरुरी परेमा राख्न सकिने दसवारी साधन
- IV Injection  दिन सकिने व्यवस्था
- Stretcher cumb Boarder
- Stethoscope, B.p. Apparatus, Torchlight
- Driver with basic training in first aid and emergent medicine.

कञ्चन गाँउपालिका स्थानीय राजपत्र

अनुसुचि ४

)कार्यविधिको दफा१५को उपदफा ३संग सम्वन्धित

एम्वुलेन्स मर्मत संभार सम्वन्धी अभिलेख

| **मिति** | **मर्मत खर्चको विवरण** | | | **जम्मा खर्च** | **मर्मत कम्पनी** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| | **समान** | **ज्याला** | **लुब्रिकेन्टस** | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| सिफारिस गर्नेः | रुजु गर्नेः | प्रमाणित गर्ने | स्विकृत गर्ने |
|---|---|---|---|
| चालक | जिन्सी शाखा | स्वास्थ्य शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |

कञ्चन गाँउपालिका स्थानीय राजपत्र

**प्रमाणीकरण मिति २०८१/०१/०२**

आज्ञाले,

सागर गौतम

प्रमुख प्रशासकीय अधिकृत

कञ्चन गाउँपालिका

कञ्चन गाउँपालिका स्थानीय राजपत्र